बैठक संख्या - ६२

आज मिति २०७६ चैत्र १० गते यस उत्तरगया गाउँपालिकाका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिकाका सदस्यहरुको उपलस्थीमा बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री उपेन्द्र लम्साल | अध्यक्ष | |
| २. श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३. श्री बम ब. तामाङ | सदस्य | |
| ४. श्री खुवा ब. गुरुङ | सदस्य | |
| ५. श्री लाल ब. तामाङ लामा | सदस्य | |
| ६. श्री केशर ब. बुलुन | सदस्य | |
| ७. श्री इश्वर थापा | सदस्य | |
| ८. श्री सिता भट्ट | सदस्य | |
| ९ श्री विन्दा रैला | सदस्य | विन्दा |
| १०. श्री तिर्थ ब. घले | सदस्य | |
| ११. श्री ज्ञानु वि.क | सदस्य | ज्ञानु |
| १२. श्री कृष्ण कुमारी नेपाली | सदस्य | |
| १३. श्री शान्ता कुमारी गलान | सदस्य | |
| १४ श्री अर्जुन खड्का | सदस्य सचिव | |

Scanned by CamScanner

**प्रस्तावहरु**

१. कोभिड १९ रोकथाम तथा नियन्त्रण समबन्धमा ।

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १** :प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको (COVID -19) कोरोना भाइरस विरुद्ध रोकथाम तथा नियन्त्रण गर्ने सन्दर्भमा यस गा.पा. भित्र तपशिल बमोजिम कार्यक्रम गर्ने निर्णय गरियो ।

(क) यस पालिकास्तरीय कोभिड १९ स्वास्थ्य व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक निर्देशन गर्न तपशील बमोजिमको विपत व्यवस्थापन निर्देशन समिति गठन गर्ने निर्णय गरियो ।

तपशील

| | |
|---|---|
| (अ) गाउँपालिका अध्यक्ष | संयोजक |
| (आ) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (इ) सबै वडा अध्यक्षहरु | सदस्य |
| (ई) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (उ) कार्यपालिका सदस्यहरु | सदस्य |
| (ऊ) प्रहरी चौकी प्रमुख | सदस्य |
| (ए) नेपाल स्काउटको प्रतिनिधी | सदस्य |
| (ऐ) नेपाल रेडक्रसका प्रतिनिधी | सदस्य |
| (ओ) सम्बन्धीत संघ संस्थाका प्रतिनिधी | सदस्य |
| (औ) स्वास्थ्य संयोजक | सदस्य सचिव |

अन्य आमन्त्रित सदस्यहरु

वडा नं. १ बाट टिास्युङ तामाङ

वडा नं. २ बाट उत्तम घले

वडा नं. ३ बाट पूर्ण बहादुर गुरुङ

वडा नं. ४ बाट मनविर वि.क.

वडा नं. ५ बाट उत्तम लामिछाने

Scanned by CamScanner

(ख) कोभिडि १९ नियन्त्रण गर्न आवश्यक पर्ने बजेट व्यवस्थापन सम्बन्धमा छलफल गर्दा विपत व्यवस्थापन समिति, रसुवाको मिति २०७६।१२।०९ को बैठकबाट पारित भएका निर्णय समेत कार्यान्वयन गर्ने गरि यस गाउँपालिकाको विपत व्यवस्थापन कोषमा विनियोजन भएको बजेट मध्येबाट कोभिड १९ रोकथाम ताथ नियन्त्रणका कार्यमा खर्च गर्ने गरि हाल १५,००,०००।-(अक्षेरिपी रु. पन्ध्र लाख मात्र) रकम छुट्याउने निर्णय गरियो ।

(ग) विपत व्यवस्थापन समिति रसुवाको निर्णय नं. ६ मा सबै गाउँपालिका स्तरिय कोभिड १९ व्यवस्थापन टास्क फोर्स गठन गर्ने निर्णय भए अनुसार नै प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा गा.पा. स्तरिय टास्क फोर्स गठन गरि कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

(घ) कोभिड १९ रोकथाम तथा नियन्त्रण गर्न विनियोजन गरेको रु.१५,००,०००।-(अक्षेरिपी रु. पन्ध्र लाख मात्र) खर्च गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम प्रकृया पुरा गरि विपत व्यवस्थापन गर्न सम्भव नभइ विशेष अवस्था सृजना भएको कारण कोभिड १९ रोकथाम तथा नियन्त्रण गर्ने सन्दर्भमा खरिद गर्नु पर्ने वस्तु तथा सेवाहरुहरु सोझै खरिद गरि व्यवस्थापन गर्ने र कोभिड १९ नियन्त्रण तथा रोकथाम गर्न प्रत्यक्ष रुपमा खटिएका कर्मचारिलाई खाना, खाजा वापत दैनिक रु.१०००।-(रु. एकहजार मात्र) नियमानुसार कर कट्टी गरि खर्च दिने र क्वारेन्टाइनमा रहने व्यक्तिहरुलाई विहान र वेलुका खाना, खाजा को व्यवस्थापन गर्ने गरी खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने साथै यसरी खर्च भएको एकमुस्ट विवरण पछि कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृतले पेश गर्ने निर्णय गरियो ।

(ङ) वडा स्तरमा कोभिड १९ कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाभित्र सबै वडाका वडा अध्यक्षहरुको संयोजकत्वमा जनचेतना अभिबृद्धि, क्वारेन्टाइन रेखदेख तथा अन्य व्यवस्थापकीय कार्यगर्न तपशिलका सदस्यहरु रहने गरि वडा स्तरिय समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| अ) वडा अध्यक्ष | संयोजक |
| आ) वडा सदस्यहरु | सदस्य |
| इ) स्थानिय प्रहरी चौकी प्रमुख | सदस्य |
| ई) विद्यालयका प्रध्यानाध्यापक | सदस्य |
| उ) वडा सचिब | सदस्य सचिव |

Scanned by CamScanner

(च) यस गाउँपालिकाभित्र कोभिड १९ कोरोना भाइरस नियन्त्रण तथा रोकथाम गर्न तपशिलको स्थानमा हेल्प डेस्क र क्यारेन्टाइन राख्ने निर्णय गरियो ।

तपशिल

हेल्प डेक्स रहने स्थान

(१) वेत्रावती बजार

(२) मैलुङ्ग वेशी

क्वारेन्टाइन रहेन स्थान

(१) निलकण्ठ मा.वि. बोगटीटार

(२) डाँडागाउँ मा.वि डाँडागाउँ

(छ) प्रत्येक हेल्प डेस्कमा स्वास्थ्यकर्मी २ जना र प्रहरी २ जना लाई खटाउने र प्रत्येक क्वारेन्टाइनको संचालन तथा व्यवस्थापन गर्न वडा अध्यक्षको संयोजकत्वमा गठित समिति बाट रेखदेख गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा शिक्षा तथा मानब स्रोत विकास केन्द्रको सुचना अनुसार सामुदायिक विद्यालयहरुबाट मिति २०७६ चैत्र ७ गते भित्र यस गाउँपालिकामा प्राप्त राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धी परियोजना प्रस्तावहरु तपशील अनसारको प्राथमिकता निर्धारण गरि सिफारिस गर्ने निर्णय गरियो ।

तपशील

| प्राथमिता क्रम नं | विद्यालयको IEMIS Code | विद्यालयको नाम ठेगाना | | विद्यालयले पेश गरेको परियोजनाको नाम | परियोजनाको लागत रकम रु. |
|---|---|---|---|---|---|
| २ | २९०१०००५ | नीलकण्ठ मा.वी | १. | कक्षाकोठामा स्मार्ट वोर्ड सहितको डिजिटल कक्षाकोठा निर्माणत्र | रु.२५,००,०००। |
| १ | | | २. | हरित विद्यालय वातावरणीय सुधार,मनोरञ्जनात्मक | रु.२५,००,०००। |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वाल उद्यान तथा रंगरोकन | |
| ३ | | | ३. | विद्यालयमा पूस्तकालयको स्थापना | रु.२५,००,०००। |
| १ | २९०१०००९ | नवविजय महेन्द्र मा.वी | १. | इन्टरनेट सुविधा सहितको विस्तार स्मार्ट वोर्ड सुविधाको व्यवस्थापन | रु.२,४८,००००। |
| १ | २९००४००७ | डाँडागाउँ मा.वी | १. | कक्षाकोठा तथा पुनर्निमाण कार्यक्रम( रेक्ट्रोफिट) | रु.२५,००,०००। |
| १ | २९०१५००२ | भुमेदेवी मा.वी | १. | विज्ञान प्रयोगशाला | रु.१०,००,०००। |
| ४ | | | २. | कम्प्युटर तथा सुचना प्रविधी प्रयोगशाला | रु.८,००,०००। |
| २ | | | ३. | हरित विद्यालय वतावरणिय सुधार एवं रंगरोगन गर्ने | रु.४,००,०००। |
| ३ | | | ४. | खेल मैदान मर्मत संभार तथा सुदृढीकरण तथा खेल सामाग्रीको व्यवस्था | रु.३,००,०००। |

Scanned by CamScanner